मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9802592799
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

जनकपुरधाममा ई–रिक्सा व्यवस्थापन लागि अध्ययन समिति गठन
समाचार पृष्ठ ३ मा



वर्ष ४ | अंक ४३ | २०८२ साल पौष ११ गते शुक्रबार | Friday 26, December 2025 | सूर्योदय: बिहान ०६:५२ बजे | सूर्यास्त: साँझ ५:१९ बजे | पृष्ठ ४ | मूल्य रु. ५/-

# सप्तरी–२: फेरि उपेन्द्र र सिके आमनेसामने हुने संकेत

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
सरकारले फागुन २१ गते प्रतिनिधिसभा निर्वाचनको मिति तोके पनि चुनाव हुने–नहुनेमा अन्योलता कायमै छ । तर यही अन्योलताबीच मधेशकेन्द्रित दलहरू चुनावी तयारीमा जुट्न थालेका छन् । विशेषगरी सप्तरी–२ निर्वाचन क्षेत्र पुनः राजनीतिक चासोको केन्द्र बन्दै गएको छ, जहाँ यसपटक पनि उपेन्द्र यादव र डा. सिके राउतबीच प्रत्यक्ष प्रतिस्पर्धा हुने संकेत देखिन थालेको छ ।





जनमत पार्टीका अध्यक्ष डा. सिके राउतलाई सप्तरी–२ बाट उम्मेदवारका रूपमा औपचारिक सिफारिस भइसकेको छ । यसअघि पनि सोही क्षेत्रबाट निर्वाचन जितेका राउत पुनः सप्तरी–२ बाटै चुनाव लड्ने 'माइन्डसेट'मा रहेको जनमत पार्टीका नेताहरूले बताएका छन् । पार्टी उपाध्यक्ष नरेन्द्र चौधरीका अनुसार राउत अन्य क्षेत्रबाट पनि सिफारिस भए पनि उनी आफ्नो जित भएको क्षेत्र नछोड्ने पक्षमा छन् ।
उता जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवले औपचारिक सिफारिस नपाए पनि सप्तरी–२ बाट चुनाव लड्ने तयारी अघि बढाएका छन् । यादव सप्तरी पुगेर स्थानीय शीर्षनेताहरूसँग छलफल गर्ने कार्यक्रम तयसमेत गरेका छन् ।
छलफलपछि सप्तरी–२ बाट उम्मेदवारीबारे औपचारिक निर्णय हुन सक्ने जसपा स्रोतको भनाइ छ ।
यदि यी दुवै नेता आआफ्नै दलबाट सप्तरी–२ मा उम्मेदवार बने, यस क्षेत्रमा पुनः यादव र राउतबीच कडा प्रतिस्पर्धा हुने देखिन्छ । यसअघि भएको चुनावमा सिके राउतले उपेन्द्र यादवलाई पराजित गरेका थिए । त्यसपछि यादव बारामा भएको उपनिर्वाचनमार्फत संसद प्रवेश गरेका थिए ।
तर यसपटकको राजनीतिक समीकरण अघिल्लोपटकभन्दा फरक देखिएको छ । मधेश केन्द्रित दलहरूले गठन गरेको संघीय लोकतान्त्रिक मोर्चाले सिट तालमेलसहित एकसाथ चुनावमा जाने निर्णय गरिसकेको छ । मोर्चामा रहेका दलहरूबीच आपसी प्रतिस्पर्धा नहोस् भन्ने उद्देश्यले सप्तरी–२ मा उपेन्द्र यादव र सिके राउतमध्ये एक जनालाई रोक्ने प्रयास भइरहेको बुझिएको छ ।
मोर्चामा जसपा नेपाल, लोसपा नेपाल, जनमत पार्टी, तमलोपा, राष्ट्रिय मुक्ति पार्टी नेपाललगायत दल सहभागी छन् ।
यद्यपि उम्मेदवार र सिट बाँडफाँटबारे औपचारिक निर्णय हुन बाँकी छ । मोर्चाभित्र दलहरूबीच एकता र ध्रुवीकरणको प्रक्रिया जारी रहेकाले अन्तिम निर्णयले सप्तरी–२ को चुनावी तस्वीर पूर्ण रूपमा बदलिन सक्ने देखिन्छ ।
अब सबैको ध्यान मोर्चाको निर्णयतर्फ केन्द्रित छ । उपेन्द्र यादव र सिके राउतमध्ये को उम्मेदवार बन्छ भन्ने प्रश्नले मात्र होइन, मधेशको राजनीतिक दिशानिर्देशसमेत सप्तरी–२ बाट तय हुनसक्ने विश्लेषकहरूको भनाइ छ ।

## राजेन्द्र महतो पनि सप्तरी–२ बाट सिफारिस



राष्ट्रिय मुक्ति पार्टी नेपालका अध्यक्ष राजेन्द्र महतोको नाम सप्तरी–२ निर्वाचन क्षेत्रबाट पनि प्रतिनिधिसभा उम्मेदवारका रूपमा सिफारिस गरिएको छ । फागुन २१ गते हुने प्रतिनिधिसभा चुनावका लागि उनी उम्मेदवारको सूचीमा परेका हुन् ।
यद्यपि अध्यक्ष महतो सर्लाहीबाट चुनाव लड्ने सम्भावना करिब निश्चित भइसकेको भए पनि पार्टीको आन्तरिक प्रक्रियाअनुसार सप्तरी–२ बाट समेत उनको नाम सिफारिस गरिएको जनाइएको छ । राष्ट्रिय मुक्ति पार्टी नेपालका अनुसार सप्तरी–२ को क्षेत्रीय समितिले अध्यक्ष महतोसँगै पार्टीका महासचिव केशव झा र नेता महेश यादवको नाम पनि सोही क्षेत्रबाट सिफारिस गरेको हो ।
यसैगरी सप्तरीको निर्वाचन क्षेत्र नम्बर–३ बाट पार्टीका नेता चन्द्रकान्त चौधरी र गजेन्द्रकुमार मण्डललाई उम्मेदवारका रूपमा सिफारिस गरिएको छ ।
पार्टीले विभिन्न क्षेत्रमा संगठन सुदृढीकरण गर्दै सक्षम र प्रभावशाली उम्मेदवार अघि सार्ने रणनीति अनुसार सिफारिस प्रक्रिया अघि बढाएको जनाएको छ । अन्तिम उम्मेदवार चयन पार्टीको केन्द्रीय निर्णयअनुसार हुने बताइएको छ ।

# दलित कुटपिट घटनाका दोषीलाई कारबाही गर्न निर्देशन



**मधेशदृष्टि**
**वीरगंज ।**
पर्साको बहुदरामाई नगरपालिका वडा नं. २ सिसियाडी गाउँमा बाटो विवादका क्रममा दलित समुदायका भागरित पासवानको घरमा आगजनी र कुटपिट भएको घटनामा राष्ट्रिय दलित आयोगले स्थलगत अनुगमन गरेको छ ।
आयोगका अध्यक्ष देवराज विश्वकर्मा, सदस्य तथा मधेश प्रदेश संयोजक सुन्दर पुकुर्टीसहितको टोलीले घटनास्थल पुगेर पीडित परिवारसँग भेटघाट गरेको हो । टोलीले प्रमुख जिल्ला अधिकारी भोला दाहाल र प्रहरी उपरीक्षक सुदीपराज पाठकसँग छलफल गर्दै घटनाको विस्तृत जानकारी लिएको छ ।
पीडित पासवानका अनुसार निजी नम्बरी जग्गामा बाटो दिन अस्वीकार गरेकै कारण विपक्षी समूहले उनको घरमा पेट्रोल छर्केर आगजनी गर्नुका साथै उनी र उनकी श्रीमती मिना देवीमाथि कुटपिट गरेका थिए । आगलागीबाट घरभित्र रहेको अन्न, नगद, गहना, कपडा तथा घर संरचनासमेत गरी लाखौँ रुपैयाँ बराबरको क्षति भएको पीडित परिवारले जनाएको छ ।
अनुगमनपछि अध्यक्ष विश्वकर्माले दलित समुदायमाथि भएको यस प्रकारको हिंसा गम्भीर र निन्दनीय रहेको भन्दै दोषी जो–कोही भए पनि कानुनअनुसार कडा कारबाही हुनुपर्ने बताए । उनले पीडित परिवारको सुरक्षा, उपचार र क्षतिपूर्तिको व्यवस्था तत्काल गर्न प्रशासनलाई निर्देशन दिए ।
त्यसैगरी, आयोगका सदस्य तथा मधेश प्रदेश संयोजक पुकुर्टीले यस घटनाले समाजमा अझै जातीय विभेद कायम रहेको देखाएको बताए । उनले यस्ता घटनालाई सामान्य रूपमा लिन नहुने भन्दै प्रहरी र प्रशासनले निष्पक्ष र प्रभावकारी अनुसन्धान गर्नुपर्नेमा जोड दिए । आयोगले घटनाको अनुगमन निरन्तर गर्ने र पीडितलाई न्याय दिलाउन सबै तहमा पहल गर्ने उनको भनाइ छ ।
दलित अभियन्ता मनोज रामको पहलमा आयोगको टोली घटनास्थल पुगेको हो । घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# बंगलादेशमा हिन्दू युवा हत्याको बिरोधमा प्रदर्शन




**मधेशदृष्टि**
**जनकपुरधाम ।**
बंगलादेशमा हिन्दू युवक दिपुचन्द्र दासको निर्मम हत्या गरिएको विरोधमा रामानन्दीय वैष्णव संघको नेतृत्वमा बिहीबार जनकपुरधाममा विरोध प्रदर्शन गरेको छ ।
घटनालाई अमानवीय र धर्मको नाममा गरिएको मानवताविरोधी अपराधको संज्ञा दिँदै संघले आक्रोश व्यक्त गर्दै विरोध प्रदर्शन गरेको हो ।
जानकी मन्दिरको प्राङ्गणबाट शुरु भएको विरोध र्‍याली जनकपुरधामका विभिन्न स्थानको परिक्रमा गर्दै शान्तिपूर्णरूपमा सम्पन्न भएको थियो ।
र्‍यालीमा साधुसन्त, धार्मिक अगुवा, सामाजिक अभियन्ता तथा सर्वसाधारणको उल्लेख्य उपस्थिति थियो । सहभागीले बंगलादेशमा अल्पसंख्यक हिन्दूमाथि भइरहेको हिंसा तत्काल रोक्नुपर्ने मागसहित नाराबाजी गरेका थिए ।
प्रदर्शनलाई सम्बोधन गर्दै संघका अध्यक्ष तथा जानकी मन्दिरका उत्तराधिकारी महन्थ रामरोशन दासले दिपुचन्द्र दासको हत्या केवल एक व्यक्तिमाथिको आक्रमण नभई मानव मूल्य, धार्मिक सहअस्तित्व र अल्पसंख्यक अधिकारमाथिको गम्भीर प्रहार भएको बताए । उनले बंगलादेशमा पटकपटक हिन्दू अल्पसंख्यक लक्षित हिंसाका घटना भइरहँदा पनि सम्बन्धित निकाय मौन बस्नु चिन्ताजनक भएको उल्लेख गरे ।
महन्थ दासले बंगलादेशमा हिन्दू अल्पसंख्यकमाथि भइरहेको हिंसा अन्तर्राष्ट्रिय मानवअधिकारको गम्भीर उल्लंघन भएको भन्दै दोषीमाथि कडा कारबाहीको माग गरे । साथै, नेपाल सरकारले कूटनीतिक पहलमार्फत बंगलादेश सरकारसँग औपचारिक रूपमा कुरा उठाई अल्पसंख्यकको सुरक्षा सुनिश्चित गर्न दबाब दिनुपर्ने आवश्यकता औँल्याए ।
प्रदर्शनमा सहभागी अन्य वक्ताहरूले धार्मिक सहिष्णुता, मानवता र शान्तिको पक्षमा दृढतापूर्वक उभिनुपर्नेमा जोड दिँदै अन्तर्राष्ट्रिय समुदायको ध्यानाकर्षण गराउन शान्तिपूर्ण आन्दोलनलाई निरन्तरता दिने चेतावनी दिए । उनीहरूले यदि यस्ता आक्रमण तत्काल रोकिएन भने थप सशक्त आन्दोलन गर्न बाध्य हुने बताए ।
संघले दासप्रति श्रद्धाञ्जली अर्पण गर्दै पीडित परिवारप्रति गहिरो समवेदना व्यक्त गरेको छ । संघले आगामी दिनमा पनि यस्ता अमानवीय घटनाविरुद्ध निरन्तर आवाज उठाउँदै धार्मिक सहअस्तित्व र मानवअधिकारको संरक्षणका लागि सक्रिय रहने प्रतिबद्धता जनाएको छ ।

# निर्धारित मितिमै निर्वाचन हुन्छः अर्थमन्त्री

**सिरहा ।**
अर्थमन्त्री डा रामेश्वर खनालले आगामी फागुन २१ गते हुने प्रतिनिधिसभाको निर्वाचन निर्धारित मितिमै हुने बताएका छन् ।
लहानस्थित रामकुमार शारडा उमाप्रसाद मुरारका प्रादेशिक अस्पताल लहानको जग्गा हस्तान्तरण तथा सम्मान कार्यक्रममा उनले निर्वाचन गराउन सरकार पूर्ण रूपमा तयार रहेको बताए ।
उनले भने, 'सरकारले निर्वाचनको वातावरण बनाइसकेको छ, कसैको अफवाह र हल्लामा परेर भ्रममा नपर्न म आम नागरिकलाई आग्रह गर्छु ।'
उनले वर्तमान सरकार जेन्जी आन्दोलनपछि बनेको उल्लेख गर्दै यसको प्रमुख दायित्व निर्वाचन सम्पन्न गराउनु रहेको बताए । निर्वाचनपछि देशको अर्थतन्त्र पनि क्रमशः लयमा फर्किने विश्वास व्यक्त गरे ।
कार्यक्रममा अस्पतालको ४७ वर्षदेखि रोकिएको जग्गा दर्ता प्रक्रिया हालै सम्पन्न भएको उल्लेख गर्दै उनले जेन्जी आन्दोलनपछि बनेको सरकारले ४७ दिनमै एक करोड २४ लाख रुपैयाँ लाभकर मिनाहा गरी दाता मुरारका र शारडा परिवारको चाहना पूरा गरेको बताए ।
दाता परिवारका तर्फबाट मुरारीलाल मुरारका र पवनकुमार शारडाले वर्तमान सरकारका युवा तथा खेलकुदमन्त्री बब्लु गुप्ताले गरेको पहलबाट ४७ वर्षमा हुन नसकेको कार्य भएकोमा सरकारलाई धन्यवाद ज्ञापन गरे ।
कार्यक्रममा युवा तथा खेलकुदमन्त्री बब्लु गुप्ता, मधेश प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादव, दाता परिवारका प्रतिनिधि, उद्योगी–व्यापारी तथा अस्पताल व्यवस्थापनका पदाधिकारीको उपस्थिति थियो ।

# नेतृत्वमा आए राज्य दोहन गर्नेलाई कारबाही गर्छुः खनाल



**राहुल गुप्ता**
**बारा ।**
पूर्व प्रहरी प्रमुख सर्वेन्द्र खनालले आफू नेतृत्वमा आए राज्य दोहन गर्नेहरूविरुद्ध कडा कदम चाल्ने चेतावनी दिएका छन् । उनले राज्यका स्रोत र साधन दुरुपयोग गर्नेलाई 'राम्ररी सफाया गर्ने' बताएका छन् ।
खनालले देशमा व्याप्त भ्रष्टाचार, दण्डहीनता र शक्तिको दुरुपयोगप्रति कडा असन्तुष्टि व्यक्त गरे । 'राज्यलाई निजी स्वार्थका लागि प्रयोग गर्नेहरूका कारण देश पछि परेको छ,' उनले भने, 'यदि म नेतृत्वमा आएँ भने यस्ता तत्वहरूलाई कानूनी दायराभित्र ल्याएर कडा कारबाही गर्छु ।'
उनले सुशासन, पारदर्शिता र जवाफदेहितालाई आफ्नो प्राथमिकता हुने उल्लेख गर्दै कानून सबैका लागि बराबर हुने स्पष्ट पारे । खनालका अनुसार राज्य दोहन गर्नेहरू चाहे जुनसुकै पद वा पहुँचमा किन नहोस्, उनीहरूलाई छुट नदिइनेछ ।
खनालको यो अभिव्यक्तिपछि सामाजिक सञ्जालमा समेत चर्चा चुलिएको छ । समर्थकहरूले उनको कडा अडानको स्वागत गरेका छन् भने केहीले अभिव्यक्तिको भाषाशैलीप्रति चासो व्यक्त गरेका छन् ।

# साहद्वारा जनमत त्यागेर आजपा प्रवेश घोषणा

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनमत पार्टीका नेता वीरेन्द्र साहले पार्टी परित्याग गरेका छन् । उनी प्रभु साह नेतृत्वको आम जनता पार्टीमा प्रवेश गरेका हुन् । साहले फेसबुकमार्फत बिहीबार आफूले जनमत पार्टीबाट राजीनामा दिएको जानकारी गराएका छन् ।
उनले भनेका छन्, 'सबैमा नमस्कार ! जनमत पार्टीको साधारण सदस्य समेत नरहने गरी आजकै मितिबाट यसै फेसबुक पोस्टमार्फत राजीनामा दिएको विषय सबै सरोकारवालामा जानकारी गराउन चाहन्छु । साथै, देशमा राष्ट्रियता,लोकतन्त्र र अर्थतन्त्र बचाउन क्रियाशिल नेपाली जनताको आशा एवम् भरोसाको केन्द्र आम जनता पार्टीमा आबद्ध भएर काम गर्ने प्रतिबद्धता सहितको घोषणा समेत गर्दछु । धन्यवाद !'
साह २०७९ को निर्वाचनमा सिरहा–४ बाट उम्मेद्वार थिए । उनी दोस्रो भएका थिए । साहले १६ हजार २ सय ९४ मत ल्याएका थिए । साहले यो बीचमा आजपाका अध्यक्ष तथा पूर्वमन्त्री प्रभु साहसँग भेटवार्ता गरेका थिए ।

## सम्पादकीय

# गाउँमा मन्त्री आउँदा छोटी भन्सार स्तरोन्नति माग

सिरहाको बरियारपट्टी गाउँपालिका–३ मा रहेको छोटी भन्सार कार्यालय बन्द गरिने चर्चा चलिरहेका बेला स्थानीय, जनप्रतिनिधि तथा जेन्जी युवाले भन्सार कार्यालय यथावत् राखी स्तरोन्नति गर्न माग गरेका छन् । बिहीबार जिल्लामा आएका अर्थमन्त्री रामेश्वरप्रसाद खनाललाई उनीहरुले ज्ञापनपत्र बुझाउँदै यस्तो माग गरेका हुन्।

लहानस्थित रामकुमार शारडा उमाप्रसाद मुरारका प्रादेशिक अस्पतालको जग्गा हस्तान्तरण तथा सम्मान कार्यक्रममा जेन्जी युवाको तर्फबाट शिव यादव, सन्तोष यादवलगायतले अर्थमन्त्री खनाललाई ज्ञापनपत्र हस्तान्तरण गरे । ज्ञापनपत्रमा आम युवाले पहिलेदेखि नै बरियारपट्टी छोटी भन्सार स्तरोन्नतिका लागि पहल गरिरहेको र भन्सार छिट्टै स्तरोन्नति हुने अपेक्षा गरिएको छ। चार पाङ्ग्रे सवारीसाधनको आवतजावत खुलेपछि यस क्षेत्रका नागरिक र व्यापारीलाई ठूलो सहयोग पुग्ने छ बताइएको छ।

बरियारपट्टी छोटी भन्सार कार्यालय बरियारपट्टी बजारको मध्य भागमा छ। भन्सारबाट सिरहा जिल्लासहित आसपासका लाखौँ नागरिक प्रत्यक्ष रूपमा लाभान्वित हुँदै आएका छन् । बरियारपट्टी, औरही, अर्नामा, नवराजपुर, लक्ष्मीपुर पतारी गाउँपालिका तथा सुखिपुर, धनगढीमाइ, गोलबजार र लहान नगरपालिकाका केही वडाका नागरिक तथा साना–ठूला व्यापारीले भन्सारमार्फत घरायसी तथा व्यावसायिक सामग्रीको आयात–निर्यात गर्दै आएका छन्।

भौगोलिक रूपमा नेपालतर्फको बरियारपट्टी बजार र भारततर्फको लदनियाँ बजार सिधैँ जोडिएको हुँदा यस भन्सारको आर्थिक तथा व्यापारिक महत्व उच्च रहेको छ । भन्सार कार्यालयले आर्थिक वर्ष २०८१–८२ मा ७० लाख छ हजार रुपैयाँ राजस्व सङ्कलन गरेको थियो।

स्थानीयले अर्थमन्त्रीलाई बुझाएको ज्ञापनपत्रमा बरियारपट्टी छोटी भन्सार कार्यालय बन्द नगरी यथावत् सञ्चालन गर्न, आवश्यक पूर्वाधार निर्माण गरी स्तरोन्नति गर्न र चार पाङ्ग्रे सवारीसाधन सञ्चालनको व्यवस्था मिलाउन सम्बन्धित निकायले तत्काल पहल गर्नुपर्ने माग गरिएको छ । जेन्जी युवाहरुको पनि सक्रियता भएकाले यो काम सफल भए छोटी भन्सारबाट लाभ लिइरहेकाहरुले अरु लाभ लिन सक्ने अपेक्षा गरिएको छ।

# श्रद्धा र आस्थाका साथ मनाइयो तुलसी पूजन दिवस

**मधेशदृष्टि**
**जनकपुरधाम।**
विश्वभरका हिन्दू धर्मावलम्बीले बिहीबार श्रद्धा, भक्ति र आस्थासहित तुलसी पूजन दिवस मनाएका छन् । प्रत्येक वर्ष २५ डिसेम्बरमा मनाइने यो पर्व यस वर्ष पनि नेपाल, भारतलगायत विभिन्न देशहरूमा रहेका हिन्दू समुदायले घरघर तथा मन्दिरहरूमा विधिपूर्वक तुलसीको पूजा आराधना गर्दै मनाएका हुन्।

हिन्दू धर्ममा तुलसीको बिरुवालाई अत्यन्तै पवित्र मानिन्छ । तुलसीलाई देवी लक्ष्मीको अवतार तथा देवी वृन्दाका रूपमा पूजा गर्ने परम्परा रहि आएको छ । धार्मिक विश्वास अनुसार जहाँ नियमित रूपमा तुलसी पूजन गरिन्छ, त्यहाँ सुख, समृद्धि, शान्ति र सकारात्मक ऊर्जाको वास हुने मान्यता छ। भगवान विष्णुलाई तुलसी अत्यन्त प्रिय भएकाले विष्णु पूजा तुलसी बिना अपूरो मानिन्छ।

जानकी मन्दिरका उत्तराधिकारी महन्थ रामरोशन दासले तुलसीलाई सनातन संस्कृतिको आत्मा भएको उल्लेख गर्दै तुलसी पूजनले मानिसलाई धर्म, अनुशासन र शुद्ध जीवनशैलीतर्फ प्रेरित गर्ने बताए । उनले बिहीबारको आधुनिक जीवनशैलीमा धार्मिक परम्परासँगै स्वास्थ्य र वातावरणको महत्व बुझ्न आवश्यक रहेको धारणा व्यक्त गरे।

महन्थ दासका अनुसार तुलसी पूजनलाई केवल धार्मिक परम्परामा सीमित नराखी स्वास्थ्य र पर्यावरण संरक्षणसँग जोडेर बुझ्न जरुरी छ। तुलसीले वातावरण शुद्ध राख्नुका साथै मानव स्वास्थ्यका लागि पनि महत्वपूर्ण योगदान दिने उनले बताए। आयुर्वेदमा तुलसीलाई ज्वरो, रुघाखोकी, दम, मधुमेहलगायत विभिन्न रोगको उपचारमा प्रयोग गरिँदै आएको छ भने वैज्ञानिक रूपमा पनि यसले जीवाणु नाश गर्ने र हावामा अक्सिजनको मात्रा बढाउने गुण रहेको प्रमाणित भइसकेको छ।

उनले जलवायु परिवर्तन र प्रदूषणको गम्भीर चुनौतीबीच तुलसीजस्ता उपयोगी र पवित्र बिरुवाको संरक्षण गर्नु धार्मिक मात्र नभई सामाजिक दायित्वसमेत भएको बताए । तुलसी पूजन दिवसले विशेषगरी बालबालिका र युवापुस्तालाई आफ्नो संस्कार, संस्कृति र परम्पराप्रति सचेत गराउने भूमिका खेलेको उनको भनाइ छ।



यसै अवसरमा मोडर्न नेपाल इङ्लिस बोर्डिङ स्कुल, जनकपुरधाम–७ ले प्रत्येक वर्षझैं यस वर्ष पनि विशेष तुलसी पूजन कार्यक्रम आयोजना गरेको छ। धार्मिक, सांस्कृतिक तथा नैतिक मूल्य मान्यताको संरक्षण र प्रवद्र्धन गर्ने उद्देश्यले आयोजित कार्यक्रममा विद्यार्थी, शिक्षक तथा अभिभावकहरूको उल्लेखनीय सहभागिता रहेको थियो।



कार्यक्रमका आयोजक तथा विद्यालयका प्रधानाध्यापकसमेत रहेका एनप्याब्सन जनकपुरधामका अध्यक्ष दिपक ठाकुरले हिन्दू धर्ममा तुलसीको धार्मिक र आध्यात्मिक महत्वबारे प्रकाश पार्दै यस्ता कार्यक्रमले नयाँ पुस्तामा संस्कार, अनुशासन र नैतिक मूल्यको विकास गर्ने बताए । उनले विद्यालयस्तरबाट गरिने यस्ता सांस्कृतिक पहलहरू धार्मिक पहिचान जोगाउन अत्यन्त महत्वपूर्ण रहेको उल्लेख गरे।

वैदिक मन्त्रोच्चारणका साथ विधिपूर्वक सम्पन्न तुलसी पूजन कार्यक्रमलाई विद्यालयले धार्मिक अनुष्ठानसँगै सामाजिक सद्भाव, एकता र सहकार्यको सन्देश फैलाउने माध्यमका रूपमा विकास गरेको जनाएको छ। सहभागीहरूले शिक्षा मात्र नभई संस्कार र संस्कृति संरक्षणमा समेत विद्यालयले खेलेको भूमिकालाई उदाहरणीय बताएका छन्।

### जनक चोकमा हनुमान आराधना

तुलसी पूजन दिवसको अवसरमा जनकपुरधामको जनक चोकमा विशेष धार्मिक कार्यक्रम सम्पन्न भएको छ । वागेश्वरबाबाका अनुयायीहरूको सक्रिय सहभागितामा आयोजित कार्यक्रममा हनुमान आराधना, विधिपूर्वक पूजा अर्चना तथा भजन–कीर्तन गरिएको थियो।

कार्यक्रममा सहभागी श्रद्धालुहरूले तुलसीको धार्मिक, सांस्कृतिक तथा स्वास्थ्यसँग सम्बन्धित महत्वबारे चर्चा गर्दै यसको संरक्षण र नियमित पूजन आवश्यक रहेकोमा जोड दिए। उनीहरूले तुलसीले वातावरण शुद्ध राख्नुका साथै मानव स्वास्थ्यमा सकारात्मक प्रभाव पार्ने विश्वास व्यक्त गरे।

हनुमान आराधनासहित सम्पन्न उक्त कार्यक्रममा स्थानीय धर्मगुरु, समाजसेवी तथा सर्वसाधारणको उल्लेखनीय उपस्थिति रहेको थियो । भजन–कीर्तनमार्फत भक्तिमय वातावरण सिर्जना गरिएको कार्यक्रममा सहभागीहरूले धार्मिक आस्था र सामूहिक एकताको अनुभूति गरेका थिए।

आयोजकका अनुसार धार्मिक सहिष्णुता, सांस्कृतिक चेतना र सामाजिक सद्भाव अभिवृद्धि गर्ने उद्देश्यले यस्तो कार्यक्रमको आयोजना गरिएको हो।

तुलसी पूजन दिवसजस्ता कार्यक्रमले परम्परा संरक्षणका साथै नयाँ पुस्तामा धार्मिक र सांस्कृतिक मूल्य हस्तान्तरण गर्न सहयोग पुग्ने विश्वास आयोजकले व्यक्त गरेका छन्।

# इँटाभट्टामा दबिएका बाल सपना



**रमेश गिरी**

चाँगुनारायण नगरपालिका–९ ताथलीस्थित इँटाभट्टामा दाङ घोराहीका १४ वर्षे सागर घर्ती बिहान पाँच बजे काममा तल्लिन छन्। उनी चिसो बिहानीमा चिसो माटोलाई साँचोमा राखेर इँटा बनाइरहेका छन्। घर्तीको सपना भविष्यमा पुलिस बन्नु हो । तर पढाइ लेखाइ गर्ने समयमा उनी बुवालाई साथ दिन काठमाडौँ आइपुगेका छन् । आर्थिक अवस्था कमजोर भएपछि बुवाको साथ लागेर आफू पैसा कमाउन यहाँ आएको उनले सुनाए । यहाँ कमाएको पैसाले घरमा रहेकी आमाको उपचार र बहिनीलाई पढाउन खर्च हुने उनको भनाइ छ।

कक्षा ५ सम्म पढेका सागरलाई अझै पनि पढ्ने इच्छा छ। गत वर्ष पढाइलाई निरन्तरता दिन बुवा, आमा, बहिनीसँगै घर फर्किएका थिए । तर यस वर्ष भने फर्कने टुङ्गो छैन। सर्लाही रानीघाँटबाट आमाबाबुसँगै भक्तपुरको इँटाभट्टामा आइपुगेकी ११ वर्षीया रामप्यारी विकको भविष्य पनि सागरको जस्तै साँघुरो झ्याउलीको कुनामा कोचिएको छ।

झ्याउलीको बसाइ, गरिबीको पीडा र तीन जना सन्तानमध्येकी जेठी उनी १० वर्ष हुँदा गतवर्ष पनि यही इँटा भट्टाको झ्यालीमा ६ महिना आमाबाबुसँगै बसेर फर्किएकी थिइन् । यहाँ उनको दैनिकी भाइबहिनीको रेखदेख गर्ने र अपराह्नपछि बिहान बनाएको इँटा पल्टाउने र सुकाउँदै बित्ने गरेको छ । त्यस काम गरेवापत उनले छुट्टै पारिश्रमिक भने पाउँदिनन् । उनले गरेको कामको पारिश्रमिक पनि बाबुले लिएको ठेक्कामै परेको छ । रामप्यारीको बुबा कान्छा विक छोरीलाई बालश्रममा लगाएको स्वीकार गर्दैनन्।

त्यसैगरी आमाबुवासँग रोल्पादेखि आएकी १५ वर्षीया जुनकिरी सार्कीको कथा पनि उस्तै छ। उत्कट पढ्ने इच्छा हुँदा हुँदै उनी इँटाभट्टाको धूलोसँगै पढ्ने उमेर बिताउनुपरेको छ । चाँगुनारायण नगरपालिका–८ सुडालस्थित एक इँटाभट्टामा काम गर्न थालेको पाँच वर्ष बितिसक्दा उनको पढ्ने चाहनाले पूर्णता पाएन।

बुवाआमासँगै इँटाभट्टामा आइपुगेकी उनले मङ्सिरदेखि वैशाखसम्म इँटाभट्टाकै झ्याउलीमा बस्ने, इँटा पार्ने, बोक्ने काम गर्दै आएकी छिन्। जुनकिरी भन्छिन्, ‘पढ्ने चाहना त छ तर आमाबाबुको कमाइले ऋण तिर्नै पुग्दैन।’

नाइकेको लहलहैमा तीन वर्ष अगाडि इँटाभट्टा प्रवेश गरेका १४ वर्षीय मने अर्थात मनबहादुर खड्का अब पढेर के हुन्छ र भन्ने अवस्थामा पुगेका छन् । भकुण्डेवेँसीमा रहेको परिवार छाडेर पैसा कमाउने रहरमा इँटाभट्टामा छिरेका उनले छ महिना इँटा भट्टामा र छ महिना बसका खलासीका काम गर्दै आएका छन्।

‘यहाँ खान पाइएकै छ, दुई चार सय भए पनि पैसा खेलाउन पाएको छु, कहिले इँटाभट्टा त कहिले खलासी गरिरहेको छु, मेरो सपना त ड्राइभर बन्ने हो।’ इँटा बोक्दै गरेकी १७ वर्षीया टुल्की विकलाई सबैभन्दा ठूलो चिन्ता एक वर्षकी एउटा छोरीको छ।

श्रीमानसँगै इँटाभट्टामा काम गर्दै आएकी विकलाई ठेक्का लिएको इँटा सबै सिध्याउँदा पाए हातमा रकम लिएर गाउँ फर्कन पाउने आशा उनको मनमा छ।

एक अध्ययनअनुसार देशभरिका इँटाभट्टामा करिब २८ हजार बालश्रमिक छन् । भक्तपुरका इँटाभट्टा मात्रै ५०० भन्दा बढी बालबालिका छन् । त्यसो त भक्तपुरका चार वटा इँटाभट्टालाई बालश्रममुक्त घोषणा गरिएको पाँच वर्ष भयो। तर कुनै अनुगमन छैन । अहिले तिनै इँटाभट्टामा बालश्रमिक छन् । नियमनकारी निकाय नहुदाँ बालश्रम रोक्न सकिएको छैन।

इँटा व्यवसायी सङ्घ भक्तपुरका अध्यक्ष नातीभाई ह्याम्बाले इँटाभट्टालाई बालश्रम मुक्त बनाउन खोजे पनि अभिभावकसँगै आउने बालबालिकालाई रोक्न नसकिएको बताउँछन् । रोल्पा, दाङ, रुकुम, सर्लाही, रामेछाप, सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोकलगायतका जिल्लाबाट मजदुरसँगै आउने बालबालिकालाई काम नलाउ भने पनि अभिभावकले काम लगाउने गरेको व्यवसायीको गुनासो छ।

अहिले बालबालिकाको पढाइका लागि स्कुल पठाउने व्यवस्था गरेको बताउँदै नाइकेसँगै आउने बालबालिकालाई काममा नलगाउने गरेपछि आउन छाडेको उन बताउनुहुन्छ । इँटाभट्टामा पहिलाको जस्तो बालश्रम नरहेको उनको दाबी छ।

बालश्रमको क्षेत्रमा विगत ३१ वर्षदेखि काम गर्दै आएको संस्था समाज सेवा तथा मानवअधिकारमा महिला र बालबालिका (सिविस) की अध्यक्ष विमला ज्ञवालीले अहिले ११ लाख बालबालिका कुनै न कुनै श्रममा आबद्ध रहेको बताउँछिन्।

आफ्नो संस्थाले बालश्रम रोक्नलाई गाउँमै अभिभावकलाई स्वरोजगार बनाउने कार्यक्रमसमेत रामेछाप, सिन्धुपाल्चोकलगायतमा शुरु गरेको बताउँदै सरकारले अभिभावकलाई गाउँमै स्वरोजगार बनाउन सके बालश्रम रोक्न सहज हुने बताउँछिन्।

बाल अधिकारकर्मी युवराज घिमिरेले नेपालमा अहिले पनि करिब दुई लाख बालबालिका जोखिमपूर्ण श्रममा संलग्न रहेको बताउँछिन् । बालश्रममा आउनुको मुख्य कारण गरिबी नै रहेको उनको भनाइ छ । गाउँगाउँका स्थानीय सरकारले स्वरोजगार बढाउन सके बालश्रम रोकिने उनको भनाइ छ। रासस

# क्षमता र सीपका आधारमा युवालाई उद्यमशील बनाउँदै रेमी

**महेन्द्रनगर।**
स्थानीय तहमा रहेका रोजगार सेवा केन्द्रमार्फत वैदेशिक रोजगारीबाट फर्केका युवालाई सीप र क्षमता विकासका लागि विभिन्न किसिमका तालिम आयोजना गरी उद्यमशील बनाउने पहल थालिएको छ । वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरूको पुनःएकीकरण (रेमी) परियोजनाले स्थानीय तहसँगको समन्वयमा वैदेशिक रोजगारबाट फर्केका व्यक्तिलाई तालिम दिई क्षमता र सीपका आधारमा उद्यमशील बनाउने पहल थालेको हो।

सङ्घीय सरकारले वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिलाई समाजमा पुनः एकीकरणको जिम्मेवारी स्थानीय तहलाई दिएसँगै लक्ष्मीनियाँ गाउँपालिकासहित मधेश र कोशी प्रदेशका २० स्थानीय तहका रोजगार सेवा केन्द्रलाई रेमी परियोजनाले सहयोग गर्दै आएको छ । हेल्भेटास नेपालको प्राविधिक सहयोगमा नेपाल र स्विट्जरल्याण्ड सरकारको द्विपक्षीय पहलमा रेमी परियोजना सञ्चालन भइरहेको छ।

लक्ष्मीनियाँ गाउँपालिकाको रोजगार सेवा केन्द्रले चार वर्ष अघि रेमी परियोजनामार्फत विदेशबाट फर्केका युवाका लागि सीपमूलक तालिम सञ्चालन गरेको थियो । सोही तालिम लिएपछि व्यावसायिक कृषि पेसामा यहाँका युवा सक्रियताका साथ लागेका छन्।

लक्ष्मीनियाँ–५ का जयकुमार यादव चार वर्षदेखि व्यावसायिक खेतीमा आवद्ध हुनुहुन्छ । उन १४ वर्ष वैदेशिक रोजगारीका विभिन्न मुलुक बसी स्वदेश फर्केपछि व्यावसायिक खेतीमा आवद्ध हुनुभएको हो । उनले धान, गहुँ, दाल, मौसमी तथा बेमौसमी तरकारीखेतीबाट वार्षिक तीन लाख रुपैयाँ बचत गर्दै आएका छन्।

यादवले स्वदेशमा मेहनत गर्न सके मनग्य आम्दानी गर्न सकिने बताउँदै विदेशमा भन्दा स्वदेशमा पनि आम्दानीका स्रोत प्रशस्त बनाउन सकिने धारणा राखे । गाउँपालिकाको रोजगार सेवा केन्द्रले आफूलाई सीप र क्षमता विकासका लागि तालिम दिएपछि व्यावसायिक कृषि पेसामा आवद्ध भएको उनको भनाइ छ। सातदिने र पाँचदिने गरी दुई पटक कृषिसम्बन्धी तालिम लिएर आफू व्यावसायिक तरकारीखेती गर्न लागेको उनले बताए।

लक्ष्मीनियाँ–५ का रामललित यादव पनि रोजगारीका लागि १३ वर्ष मुलुकबाहिर बसे। सन् २००३ देखि सन् २०१६ सम्म साउदीअरब बसेर फर्केपछि रामललितले स्वदेशमै केही गर्ने योजना बनाए। ‘शुरुमा परम्परागत खेतीमा लागेको थिएँ। पछि रेमी परियोजनामार्फत पालिकाको रोजगार सेवा केन्द्रले सात दिने र पाँच दिने गरी दुई पटक कृषिसम्बन्धी तालिम दिएपछि व्यावसायिक रूपमा बेमौसमी तरकारीखेतीमा लागेको हुँ,’ रामललितले भने।

लक्ष्मीनियाँ–६ का श्रीदेव यादव पनि विदेशबाट फर्केर रेमी परियोजनामार्फत तालिम लिएपछि व्यावसायिक कृषि पेसामा लाग्नेमध्ये एक हुन् । विदेशको पिडाभन्दा स्वदेशमा थोरै आम्दानी नै सन्तोषपूर्ण रहेको उनको बुझाइ छ । विदेशमा गर्ने मेहनत यहाँ गर्ने हो भने मनग्य आम्दानी गर्न सकिने उनले बताए।

गाउँपालिकाकी रोजगार परामर्शकर्ता शारदाकुमारी चौधरीका अनुसार वैदेशिक रोजगारीबाट फर्कने हरेक व्यक्तिले आफूले काम गरेको मुलुकबाट अनुभव, अनुशासन र सम्भावित लगानीका लागि पुँजी लिएर आउने भएकाले तालिममार्फत व्यावसायिक बनाउने पहल थालिएको हो।

वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिको पुनः एकीकरण गर्ने रोजगार सेवा केन्द्रलाई सशक्त बनाउँदा युवा पुनः विदेशिने क्रम रोकिनुका साथै परनिर्भरताको चक्रबाट बाहिर निस्कन सक्ने उनले बताए। विदेशमा बिहीबार्रन गरेको पुँजी, सीप, प्रविधि र अनुभव नेपालमा उद्यमशीलताको विकास तथा सीप प्रवद्र्धनमा उपयोगी हुने भएकाले रेमीमार्फत त्यस्तो वातावरण निर्माणको पहल थालिएको परामर्शकर्ता चौधरीले बताए।

‘परियोजनाअन्तर्गत गाउँपालिकामा विदेशबाट फर्केका व्यक्तिको तथ्याङ्क सङ्कलन गरेर सञ्जाल निर्माण गरिएको छ,’ गाउँपालिकाका अध्यक्ष भोगेन्द्र मिश्रले भने, ‘सञ्जाल र समितिमा आवद्ध व्यक्तिले सिकेको सीपका आधारमा उद्यमका लागि सहयोग गरिरहेका छौँ।’

विदेशमा काम गरेर फर्किएका युवालाई समाजमा आर्थिक र सामाजिक रूपमा पुनः एकीकरण गर्न गाउँपालिकाले बजेट विनियोजन गरेको उनले जानकारी दिए। अध्यक्ष मिश्रका अनुसार परियोजना सञ्चालनका लागि गाउँपालिकाले कार्यालय स्थापना गरी आन्तरिक स्रोतबाट सञ्चालन गरिरहेको छ । विदेशबाट फर्केका व्यक्तिको पुनस्र्थापनाका लागि सञ्चालित यस कार्यक्रमलाई आगामी दिनमा पनि निरन्तरता दिने अध्यक्ष मिश्रले प्रतिबद्धता जनाए।

प्रदेशको श्रम तथा यातायात मन्त्रालयका उपसचिव जयकुमार राउतका अनुसार मधेश प्रदेशका १० वटा स्थानीय तहमा सञ्चालित रेमी परियोजनाले वैदेशिक रोजगारबाट फर्केका व्यक्तिलाई पुनःएकीकरण गरेर उनीहरूलाई क्षमता र सीपको आधारमा उद्यमशील बनाउने पहल थालेको छ।

लक्ष्मीनियाँ, मुखियपट्टी, मुसहरनिया र जनकनन्दनी गाउँपालिका, क्षीरेश्वरनाथ, सिराहा, मिर्चैया, राजविराज, जलेश्वर र पिपरा नगरपालिका तथा जनकपुरधाम उपमहानगरपालिकामा परियोजनामार्फत वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिलाई सामाजिक र आर्थिक रूपमा समाजमा पुनः एकीकरण गराउने काम भइरहेको उपसचिव राउतले जानकारी दिए । उनका अनुसार परियोजनाले रोजगारी सिर्जनासँगै हिंसामा परेकालाई पुनस्र्थापना लागि आवश्यक सहयोग गर्दै आएको छ।

# जनकपुरधाममा ई–रिक्सा व्यवस्थापन लागि अध्ययन समिति गठन



**जनकपुरधाम ।** जनकपुरधाम उपमहानगरपालिकाभित्र चल्ने ई–रिक्साको व्यवस्थापान, सञ्चालन तथा दर्ताको विषयमा भइरहेको समस्या समाधानका लागि पाँच सदस्यीय अध्ययन समिति गठन गरिएको छ ।

बिहीबार जनकपुरधाममा बसेको जिल्लास्थित यातायात व्यवस्था समितिको बैठकले मधेश प्रदेशको सवारी तथा यातायात व्यवस्था ऐनअनुसार १५ दिनभित्र यस विषयका सन्दर्भमा अध्ययन गरी सम्बन्धित निकायमा प्रतिवेदन पेस गर्नेगरी अध्ययन समिति गठन गरेको हो ।

धनुषाका प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद लुइटेलकोको अध्यक्षतामा बिहीबार जनकपुरधाममा बसेको बैठकले यातायात कार्यालय धनुषाका प्रमुख धनञ्जयकुमार सिंहको नेतृत्वमा पाँच सदस्यीय अध्ययन समिति गठन गरेको छ ।

समितिले बागमती प्रदेशको राजधानी हेटौँडा, कोशी प्रदेशको राजधानी विराटनगर तथा मधेश प्रदेशको राजधानी वीरगंज नगरक्षेत्रमा सञ्चालित ई–रिक्साको व्यवस्थापन, सञ्चालन रुट, अनुमति तथा दर्ताबा विषयमा विस्तृत अध्ययन गरी समस्या समाधानका लागि आवश्यक सुझावसहित प्रतिवेदन तयार गर्नेछ । सोही अधययन प्रतिवेदनका आधारमा जनकपुरधाममा ई–रिक्साको व्यवस्थापन प्रक्रिया अगाडि बढाइने यातायात कार्यालयका प्रमुख सिंहले जानकारी दिए । जनकपुरधाम उपमहानगरपालिकाका प्रतिनिधि, जिल्ला ट्राफिक कार्यालयका प्रतिनिधि, ई–रक्सा मजदुर युनियनका प्रतिनिधि र सदस्य सचिवमा यातायात व्यवस्था कार्यालय धनुषाका एक जना अधिकृत रहने गरी पाँच सदस्यीय समिति गठन भएको जनकपुरधाम उपमहानगरपालिकाका नगरप्रमुख मनोजकुमार साहले जानकारी दिए ।

बैठकमा नगरप्रमुख साहसहित जिल्ला प्रहरी कार्यालयका प्रहरी प्रमुख, जिल्ला ट्राफिक कार्यालयका प्रहरी प्रमुख, ई–रिक्सा मञ्जदुर युनियनका प्रतिनिधिलगायत सरोकार भएका निकायका प्रतिनिधिको सहभागिता थियो ।

अत्यधिक संख्यामा चल्ने ई–रिक्साका कारण जनकपुर क्षेत्रको यातायात सञ्चालन तथा व्यस्थापनमा समस्या आउने गरेकाले उचित व्यवस्थापनका लागि अध्ययन समिति गठन गरिएको नगरप्रमुख साहले बताए । जिल्लामा दश हजारभन्दा बढी ई–रिक्सा दर्ता भई सञ्चालनमा रहेका यातायात कार्यालय जनकपुरले जनाएको छ ।

# तीन सातासम्म बालिका हत्यारा भेटिएनन्

**सिरहा ।** कर्जन्हा नगरपालिका–१ बल्टिया गाउँकी करिब १७ वर्षीया अविना दनुवारको हत्या भएको तीन साता बितिसक्दा पनि प्रहरीले घटनामा संलग्न दोषीको पहिचान गर्न सकेको छैन । दोषी सार्वजनिक नहुँदा पीडित परिवारसँगै स्थानीय बासिन्दामा आक्रोश बढ्दै गएको छ ।

मङ्सिर २२ गते दनुवारको शव कर्जन्हा नगरपालिका–२ बन्दीपुरस्थित नेपाल राष्ट्रिय फूलकुमारी माध्यमिक विद्यालय नजिकैको झाडीमा फेला परेको थियो । घटनापछि हालसम्म मुख्य अभियुक्त पत्ता नलाग्दा पीडित परिवारले न्याय नपाएको गुनासो गरेका छन् ।

मृतककी आमा दयावती दनुवारले छोरीको हत्यापछि दोषी नसमातिँदा आफूहरू थप अन्यायमा परेको बताइन् । उनले भनिन्, 'छोरी गुमाएको पीडा त छँदै छ, तर दोषी नसमातिँदा झन् ठूलो अन्याय भएको महसुस भइरहेको छ । पहुँच भएकाहरूको कुरा तुरुन्तै सुनिन्छ, हामीजस्ताको आवाज कसैले सुन्दैन ।'

स्थानीयका अनुसार बालिकाको शव अर्धनग्न अवस्थामा भेटिएकाले बलात्कारपछि हत्या गरिएको आशंका गरिएको छ । यस विषयमा कर्जन्हा–१ का वडाध्यक्ष फणीन्द्रप्रसाद पोखरेलले प्रहरीको ढिलाइप्रति चिन्ता व्यक्त गर्दै भने, 'तीन साता बितिसक्दा दोषीको पहिचान नहुनु गम्भीर विषय हो । दोषीलाई तत्काल पक्राउ गरी कानूनी प्रक्रिया अघि बढाउनुपर्छ ।'

जिल्ला प्रहरी कार्यालय सिरहाका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक रमेशबहादुर पालले अनुसन्धान जारी रहेको बताए । यस विषयमा उनले प्रष्ट पार्दै भने, 'घटनाको प्रकृति गम्भीर भएकाले विभिन्न कोणबाट सुक्ष्म अनुसन्धान भइरहेको छ । प्रमाणका आधारमा मुख्य अभियुक्तसम्म पुग्ने प्रयासमा छौँ ।' दोषी पक्राउको माग गर्दै स्थानीयले आन्दोलनसमेत गरेका थिए ।

# दुर्घटनामा कार्यालय सहयोगीको मृत्यु

**मधेशदृष्टि**
**सर्लाही ।** बलरा नगरपालिका–१० सुदमामा मोटरसाइकल दुर्घटना हुँदा रामनगर गाउँपालिकाका कार्यालय सहयोगीको मृत्यु भएको छ ।

सुदामा ब्यारेजमा मप्र ०३–०२ प ३७४४ नम्बरको मोटरसाइकल दुर्घटना हुँदा रामनगर गाउँपालिका–१ खैर्वा निवासी ४० वर्षीय सञ्जय यादवको मृत्यु भएको सर्लाहीका प्रहरी नायव उपरीक्षक सरोज राईले जानकारी दिए ।

स्थानीयले बिहीबार बिहान मोटरसाइकल दुर्घटनाग्रस्त अवस्थामा र यादवलाई मृतावस्थामा देखेपछि प्रहरीलाई खबर गरेका थिए । रामनगर–५ स्थित गाउँपालिका अध्यक्ष राजाबाबु यादवको घरबाट बुधबार साँझ यादव गाउँपालिकाकै मोटरसाइकल चढेर घरतर्फ फर्किँदा दुर्घटनामा परेको हुनसक्ने अनुमान गरिएको छ । प्रहरीले घटना सम्बन्धमा थप अनुसन्धान गरिरहेको जनाएको छ ।

# संघद्वारा ३७५ थान कम्बल हस्तान्तरण

**मधेशदृष्टि**
**वीरगंज ।** बढ्दो चिसो र शितलहरमा गरीब तथा असक्तलाई सहयोग पु¥याउन वीरगंज उद्योग वाणिज्य संघको पहलमा स्थानीय प्रशासनलाई ३ सय ७५ थान कम्बल हस्तान्तरण गरिएको छ । संघका अध्यक्ष हरि गौतमले बिहीबार जिल्ला प्रशासन कार्यालय पुगेर प्रमुख जिल्ला अधिकारी भोला दाहाललाई कम्बल हस्तान्तरण गरेका हुन् ।

अध्यक्ष गौतमका अनुसार, कम्बल समर्पण सेवा संस्था, मारुती पेपर केमिकल इन्डष्ट्रिज, सुशील वनस्पती र वीरगंज राउन्ड टेबल–३ ले सहयोग गरेका हुन् । हस्तान्तरण कार्यक्रममा सुशील वनस्पतीका महाप्रबन्धक विमल शर्मा, वीरगंज राउन्ड टेबल–३ का अंशुमान अग्रवाल, हेमन्त बैध, अंकित अग्रवाल, निशान्त चाचान लगायतको उपस्थिति थियो ।

# पर्सा–२ बाट यादवको नाम सिफारिस

**मधेशदृष्टि**
**वीरगंज ।** नेपाली कांग्रेस मधेश प्रदेश कार्यसमितिले पर्सा क्षेत्र नम्बर २ को प्रतिनिधि सभा सदस्य प्रत्यक्षतर्फको उम्मेदवारमा युवा नेता राकेश यादवको नाम सिफारिस गरेको छ ।

यसअघि क्षेत्रीय र जिल्ला कार्यसमितिले यादवको नाम हटाएर पूर्वमन्त्री अजयकुमार चौरसिया, संविधान सभा सदस्य राजेन्द्रबहादुर अमात्य र मदन यादवको नाम मात्र सिफारिस गरेको थियो । यसपछि युवा नेता यादवले पुस ८ गते मधेश प्रदेश सभापति तथा मुख्यमन्त्री कृष्ण यादवलाई भेटेर उम्मेदवारी सिफारिसका लागि निवेदन दिएका थिए ।

प्रदेश समितिमा दिएको निवेदन र प्रदेश सभापतिको सिफारिसमार्फत उनको नाम अन्ततः केन्द्रीय समितिमा पठाइएको हो ।

# पोखरियामा लायन्स क्लब स्थापना

**मधेशदृष्टि**
**वीरगंज ।** पर्सा जिल्लाको ग्रामीण भेगका आम नागरिकलाई शिक्षा, स्वास्थ्य तथा सामाजिक क्षेत्रमा सहयोग गर्ने उद्देश्यले 'लायन्स क्लब अफ पोखरिया' गठन गरिएको छ । लायन नेजामुद्दीन शमानीको नेतृत्वमा २० सदस्यीय क्लब गठन गरिएको हो ।लायन्स क्लब अफ पोखरियाले पर्साको ग्रामीण क्षेत्रमा सेवा, सामाजिक उत्तरदायित्व र समुदाय विकासका कार्यमा सक्रिय भूमिका निर्वाह गर्ने लक्ष्य लिएको जनाएको छ ।

# जाडोमा चोकचोकमा दाउरा वितरण

**मधेशदृष्टि**
**रौतहट ।** जाडो बढ्दै गएपछि जनजीवन प्रभावित हुन थालेको छ । बाक्लो हुस्सु र शीतलहरका कारण सर्वसाधारणको दैनिकी कष्टकर बन्दै गएको छ भने धेरै पालिकाले विद्यालय बन्द गरेका छन् । चिसो बढ्दै गएपछि डिभिजन वन कार्यालय रौतहटले सार्वजनिक स्थानमा आगो ताप्न दाउरा वितरण शुरु गरेको छ ।

चन्द्रपुर नगरपालिकाभित्र र पालिकाहरूले मागेको स्थान, सर्वसाधारणको बढी आवतजावत हुने स्थान, चोक–चौतारा तथा सार्वजनिकस्थलमा दाउरा वितरण गरिएको डिभिजन वन प्रमुख हेमन्त साहले बताए ।


# श्री हिमाल बचत तथा ऋण सहकारी संस्था लि.

**म.न.पा वीरगंज -०८,पानीटंकी**

## कर्जा चुक्ता गर्ने आउने बारे ३५ दिने अत्यन्तै जरूरी सूचना

**( दोश्रो पटक प्रकाशित मिति:२०८२/०९/११)**

**टेलिफोन नं-०५१-५२१९२७, Gmail:-shreehimalsaccos@gmail.com**

यस श्री हिमाल बचत तथा ऋण सहकारी संस्था लि.का मिति २०८२/०९/११ तपसिलमा उल्लेखित ऋणी सदस्यहरुलाई यस संस्थाबाट टेलीफोन,मौखिक एवम् लिखित पत्रबाट पटक -पटक उपभोग गरेको कर्जाको साँवा ,ब्याज र हर्जाना रकम चुक्ता गर्न बारम्बार ताकेता गर्दा समेत ऋण दायित्व फछ्यौट गर्ने तर्फ तदारुकता न देखाई यस संस्थासंग आन्तरिक रुपमा गरिएका समझौता भंग भएकोले हर्जाना र ब्याज समेतको बाँकी सम्पूर्ण ऋण रकम चुक्ता गर्नको लागि यो ३५ दिने दोश्रो सार्वजनिक सूचना प्रकाशित गरिएको छ | यो सूचना दोश्रो पटक प्रकाशित भएको मितिले ३५ दिन भित्र यस सहकारी संस्थालाई बुझाउन पर्ने सम्पूर्ण साँवा ,ब्याज तथा हर्जाना रकम एकमुस्ट बुझाउन अनुरोध गरिन्छ |यस सूचना बमोजिम कर्जा चुक्ता हुन नसकेमा संस्थाको विनियम तथा सहकारी ऐन २०७४,को दफा ७९, र सहकारी नियमावली २०७५ को दफा ३० र अन्य नियम तथा निर्देशनहरु र अन्य प्रचलित कानुन बमोजिम संस्थाले धितोंमा रहेको सम्पति डाँक बढाबढ प्रकृया मार्फत लिलाम बिक्री गरी वा लिलाम बिक्री हुन नसकेमा संस्था आफैले सकार गरी संस्थाको असुलउपर गर्नुपर्ने सम्पूर्ण रकम असुल उपर गरिने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ |

### तपशील

| क्र.स. | ऋणिकों तिन पुस्ताको विवरण | फोटो | धितोंको विवरण |
|---|---|---|---|
| १. | नाम: हरिचन्द्र प्रसाद कुर्मी<br>बुबा :ब्रम्हा राउत कुर्मी<br>बाजे : सरजुग राउत कुर्मी<br>ठेगाना : सखुवा प्रसौनी -३ (कौवावनकटैया)<br>ना.प्र.नं :२८३/४५८००८९२<br>जारी मिती: २०४४/१२/०३<br>कर्जा शीर्षक : व्यवसायिक कर्जा |  | हरिचन्द्र प्रसाद कुर्मी को नाममा मालपोत कार्यालय वीरगंज पर्सामा दर्ता कायम रहेको पर्सा जिल्ला कौवावनकटैया वडा नं ५ कित्ता नं.३८,१०,७९३ को क्षेत्रफल ०-०-१३-०,०-०-१४-०,०-१९-१०-० को घरजग्गा तथा अन्य लिगलागपातहरु र भविष्यमा उक्त घर जग्गामा कुनै थप निर्माण कार्यहरू भए सो समेत सम्पूर्ण निर्माण तथा लिगलागपातहरु समेत\| |
| २. | नाम:प्रेम राउत कुर्मी<br>बुबा : हरिहर राउत कुर्मी<br>बाजे : भोला राउत कुर्मी<br>ठेगाना : पर्सागढ़ी-४ (वर्वाटाडी)<br>ना.प्र.नं :१५८८१८०९<br>जारी मिती: २०४३/०९/०९<br>कर्जा शीर्षक : व्यवसायिक कर्जा |  | प्रेम राउत कुर्मी को नाममा मालपोत कार्यालय वीरगंज पर्सामा दर्ता कायम रहेको पर्सा जिल्ला विरुवागुठी वडा नं -७,४ को कित्ता नं -२९८,२३२ को क्षेत्रफल ०-०-१२-०,०-५-०-० को घरजग्गा तथा अन्य लिगलागपातहरु र भविष्यमा उक्त घर जग्गामा कुनै थप निर्माण कार्यहरु भए सो समेत सम्पूर्ण निर्माण तथा लिगलागपातहरु समेत\| |
| ३. | नाम: जनकिया देवी<br>पति : सुरेश महतो<br>ससुरो :बाबुलाल महतो<br>बुबा : टहल महतो धानुक<br>ठेगाना : पर्सागढी -४ (हरदासपुर)<br>ना.प्र.नं :३४-०१-६९-०४७०६<br>जारी मिती:२०६९/१०/०७<br>कर्जा शीर्षक : व्यवसायिक कर्जा |  | जनकिया देवी को नाममा मालपोत कार्यालय वीरगंज पर्सामा दर्ता कायम रहेको पर्सा जिल्ला पचरुखी वडा नं ५ कित्ता नं.६२६ को क्षेत्रफल ०-४-०-० को घरजग्गा तथा अन्य लिगलागपातहरु र भविष्यमा उक्त घर जग्गामा कुनै थप निर्माण कार्यहरू भए सो समेत सम्पूर्ण निर्माण तथा लिगलागपातहरु समेत\| |
| ४. | नाम:हिरमतिया हजामिन<br>पति : शिवचन्द्र ठाकुर<br>ससुरो : बंशी ठाकुर<br>बुबा : शिवबालक ठाकुर<br>ठेगाना : वीरगंज-१४<br>ना.प्र.नं :३०९९<br>जारी मिती:२०४६/०३/०८<br>कर्जा शीर्षक : व्यवसायिक कर्जा |  | हिरमतिया हजामिन को नाममा मालपोत कार्यालय वीरगंज पर्सामा दर्ता कायम रहेको पर्सा जिल्ला मजडिहा पिप्रा वडा नं ३ कित्ता नं.४०६ को क्षेत्रफल ०-०-६-० को घरजग्गा तथा अन्य लिगलागपातहरु र भविष्यमा उक्त घर जग्गामा कुनै थप निर्माण कार्यहरू भए सो समेत सम्पूर्ण निर्माण तथा लिगलागपातहरु समेत\| |
| ५. | नाम:रामबालक राउत अहिर<br>बुबा :वासुदेव राउत अहिर<br>बाजे:अनवत राउत अहिर<br>ठेगाना:बहुदरमाई -२ (बैरियाबिर्ता ढा.पु)<br>ना.प्र.नं:०५६४३२७३<br>जारी मिति:२०४५/०१/०९<br>कर्जा शीर्षक: व्यवसायिक कर्जा |  | रामबालक राउत अहिर को नाममा मालपोत कार्यालय वीरगंज पर्सामा दर्ता कायम रहेको पर्सा जिल्ला वैरियाबिर्ता दा.पु.वडा नं ४,५ कित्ता नं.५४०,५१७ को क्षेत्रफल ०-१-४-५,०-१-०-० को घरजग्गा तथा अन्य लिगलागपातहरु र भविष्यमा उक्त घर जग्गामा कुनै थप निर्माण कार्यहरू भए सो समेत सम्पूर्ण निर्माण तथा लिगलागपातहरु समेत\| |
| ६. | नाम:महापती देवी<br>पति : जगमोहन राउत अहिर<br>ससुरो :महावीर राउत अहिर<br>बुबा :मथुरा राउत अहिर<br>ठेगाना : बहुदरमाई-४(बहुअरी पिडरी)<br>ना.प्र.नं :०५१८२८९८<br>जारी मिती:२०६२/०१/१६<br>कर्जा शीर्षक : व्यवसायिक कर्जा |  | महापति देवी को नाममा मालपोत कार्यालय वीरगंज पर्सामा दर्ता कायम रहेको पर्सा जिल्ला बहुअरी पिडरी वडा नं ७ कित्ता नं.५९३ को क्षेत्रफल ०-१-७-० को घरजग्गा तथा अन्य लिगलागपातहरु र भविष्यमा उक्त घर जग्गामा कुनै थप निर्माण कार्यहरू भए सो समेत सम्पूर्ण निर्माण तथा लिगलागपातहरु समेत\| |
| ७. | नाम:जैसवा खातुन<br>पति : धनई मिया अंसारी<br>ससुरो : साहेवा मिया<br>बुबा : ओलिमन मिया<br>ठेगाना : सखुवा प्रसौनी -४ (देवरवाना)<br>ना.प्र.नं :४५८००११४<br>जारी मिती:२०३६/०१/१८<br>कर्जा शीर्षक : व्यवसायिक कर्जा |  | जैसवा खातुन को नाममा मालपोत कार्यालय वीरगंज पर्सामा दर्ता कायम रहेको पर्सा जिल्ला देउरवाना वडा नं ६ कित्ता नं.२८४ को क्षेत्रफल ०-१-०-७ को घरजग्गा तथा अन्य लिगलागपातहरु र भविष्यमा उक्त घर जग्गामा कुनै थप निर्माण कार्यहरू भए सो समेत सम्पूर्ण निर्माण तथा लिगलागपातहरु समेत\| |

**पुनशच : धितों लेखिदिने तथा व्यक्तिगत जमानी दिनेहरुलाई सूचना :**

उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्याद भित्र शिघ्र कर्जा भुक्तानी गराई आफ्नो सम्पतिको उचित संरक्षण गर्नु हुन पुन :अनुरोध गरिएको छ | अन्यथा तोकिएको दिन धितो लिलाम बढाबढ भई बिक्रीको कार्य हुने भएकोले उक्त दिन स्वयम उपस्थित भई लिलाम बाट कायम हुने धितो सम्पतिको मुल्य घटि वा बढि हुने प्रकृयामा समेत प्रत्यक्ष अवलोकनको लागि सुचित गरिन्छ | उल्लिखित धितों सम्पति लिलाम बिक्री गरि वा संस्था आफैले सकार गर्दा समेत साविकमा संस्थाबाट भएको कम मूल्यांकन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा संस्था आफैले सकार गरि लिएमा पछि हाम्रो सम्पतिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा बिक्री भयो वा संस्था आफैले संस्था तथा वित्तीय संस्था सम्बन्धी ऐन २०६३ को दफा ५७(६) अनुसार सकार गरी लियो भनी कहि कतै उजुर वाजुर गर्न पाउनुहुने छैन | उक्त सम्पति लिलाम बिक्री गर्दा वा पुनर्मूल्याङ्कन गरी संस्था आफैले सकार गर्दा समेत संस्थाको सम्पूर्ण लेना रकम असुल उपर नभई बाकी रहेमा ऋणी लगायत व्यक्तिगत जमानी दिनेहरुको अन्य श्रीसम्पतिहरुबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईएको छ |

# मधेश आन्दोलनका प्रथम शहीद रमेश महतोका दाजुलाई सम्मान

मधेशदृष्टि
जनकपुरधाम ।
ऐतिहासिक मधेश आन्दोलनका प्रथम शहीद रमेश महतोका दाजु रामसोभित महतोलाई मधेश प्रदेशसभाका सभामुख रामआशिष यादवले विशेष सम्मान गरेका छन् ।

शहीदहरूप्रति कृतज्ञता व्यक्त गर्ने उद्देश्यले आयोजित कार्यक्रम औपचारिक समारोहबीच सम्पन्न भएको हो ।

समारोहलाई सम्बोधन गर्दै सभामुख यादवले मधेश आन्दोलनमा शहीद रमेश महतोले देखाएको साहस, त्याग र बलिदानले मधेशको पहिचान, अधिकार र सम्मानको आन्दोलनलाई ऐतिहासिक उचाइमा पुऱ्याएको बताए । उनले शहीद महतोको बलिदान मधेशमा मात्र सीमित नभई सम्पूर्ण देशका लागि प्रेरणाको स्रोत बनेको उल्लेख गरे ।



सभामुख यादवले शहीदहरूको योगदानका कारण नै आज मधेशका अधिकार र पहिचानका सवालहरू संस्थागत रुपमा अघि बढ्न सकेको बताउँदै शहीद परिवारप्रति राज्य सधैँ ऋणी रहने उनले स्पष्ट पारे । उनले मधेश प्रदेशसभाले शहीद परिवारको सम्मान, संरक्षण र आवश्यक सहयोगका लागि नीतिगत तथा संस्थागत पहल गर्ने प्रतिबद्धता व्यक्त गरे ।

सम्मान ग्रहणपछि प्रतिक्रिया दिँदै रामसोभित महतोले शहीद रमेश महतोले देखेको सपना अझै पूर्ण रुपमा साकार हुन नसकेको बताए । उनले मधेशका जनप्रतिनिधिहरू इमानदार, पारदर्शी र जनमुखी भएर काम गरेमा मात्र शहीदहरूको बलिदानको सही मूल्यांकन हुने धारणा राखे ।

उनले शहीदहरूको स्मरण भाषण र औपचारिक कार्यक्रममा मात्र सीमित नराखी समानता, न्याय र सम्मानका मूल्यहरू व्यवहारमा उतार्नुपर्ने आवश्यकता औँल्याए । शहीदहरूले देखेको सपना पूरा गर्नु नै उनीहरूप्रतिको सच्चा श्रद्धाञ्जली हुने उनको भनाइ थियो ।

# ललितकला प्रज्ञा–प्रतिष्ठान र मैथिली विकास कोषबीच सहकार्य नवीकरण

मधेशदृष्टि
जनकपुरधाम ।
नेपाल ललितकला प्रज्ञा–प्रतिष्ठान र मैथिली विकास कोषबीच सिर्जनात्मक कला क्षेत्रको प्रवर्द्धन, संरक्षण र विकासका लागि गरिएको सहकार्य सम्झौता दोस्रो वर्षका लागि नवीकरण गरिएको छ ।

दुवै संस्थाबीच चित्रकला, मूर्तिकला, लोककला, हस्तकला, शिल्पकला, वास्तुकलालगायत विविध कला विधालाई संस्थागत रुपमा अघि बढाउने उद्देश्यसहित सहकार्य निरन्तरता दिइएको हो ।



मधेश प्रदेशका विभिन्न जिल्लामा कला र संस्कृतिको सुदृढीकरण गर्ने लक्ष्यसहित गरिएको यस सहकार्यमा नेपाल ललितकला प्रज्ञा–प्रतिष्ठानका कुलपति नारदमुनि हार्तामाछनी र सदस्य सचिव देवेन्द्र थुम्केलीको नेतृत्वकारी भूमिका रहेको बताइएको छ । सहकार्य नवीकरण प्रक्रियालाई प्रभावकारी बनाउन एसपी सुमन र कुमार भास्करले महत्वपूर्ण समन्वयकारी भूमिका निर्वाह गरेको सरोकारवालाहरूले उल्लेख गरेका छन् ।

मैथिली विकास कोषका अध्यक्ष जीवनाथ चौधरीका अनुसार दुवै संस्थाबीचको निरन्तर सहकार्यले मिथिला र समग्र मधेशको मौलिक कला संस्कृतिको संरक्षणमा टेवा पुग्नेछ । साथै, यसले नयाँ पुस्तालाई सिर्जनात्मक क्षेत्रमा आकर्षित गर्दै स्थानीय कलालाई राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा चिनाउने विश्वास लिइएको उनले बताए । सहकार्य नवीकरणसँगै आगामी दिनमा संयुक्त कार्यक्रम, प्रदर्शनी, कार्यशाला तथा क्षमता विकासका गतिविधिहरू सञ्चालन गरिने अपेक्षा गरिएको छ । यस पहलले मधेशको कला, संस्कृति र पहिचानलाई थप मजबुत बनाउने विश्वास गरिएको छ ।

# चिनी उद्योगहरुको सिन्डिकेट किसान असन्तुष्ट

मधेशदृष्टि
वीरगंज ।
मधेश प्रदेशका उखु किसानले चिनी उद्योगमा सिन्डिकेटको आरोप लगाउँदै विरोध प्रदर्शनको चेतावनी दिएका छन् ।

रौतहट, बारा, पर्सा र सर्लाहीका चिनी मिलले आपसी सहमतिमा आफ्ना जिल्लाभित्रको उखु मात्र खरिद गर्ने निर्णय गरेर किसानलाई पीडित बनाएको किसानको आरोप छ ।

उखु उत्पादक संघ रौतहटका अध्यक्ष अशोक यादवले जिल्ला सीमाभित्र मात्र उखु बेच्न पाउने व्यवस्थाले किसानलाई ठूलो मार परेको बताए । उनले किसानको खुला बजार र उत्पादन बेच्ने स्वतन्त्रता सुनिश्चित गर्नुपर्ने माग राखे ।

सिन्डिकेटबारे उद्योगी पक्षले भने किसानलाई सहज र फाइदाजनक व्यवस्था गरेको दाबी गरेका छन् ।

रौतहटमा एक मात्र चिनी मिल बाबा बैजुनाथ सुगर मिलका सञ्चालक बैजु बाबरले प्रत्येक जिल्लाको मिलले आफ्ना किसानलाई समयमा भुक्तानी गर्नुपर्ने र उद्योग फाइदामा गए किसानलाई पनि फाइदा हुने बताएका छन् ।

किसानले भने जिल्लाबन्दीको अन्त्य, खुला बजार र अनुदानको तत्काल भुक्तानी नै मुख्य माग भएको स्पष्ट पारेका छन् ।

उखु किसानहरूले आफ्नो उत्पादन खेतमै राख्ने र मिललाई बिक्री नगर्ने चेतावनी समेत दिएका छन् ।

# चिसोबाट प्रभावितलाई सहयोग गर्न दाहालको अपिल

मधेशदृष्टि
काठमाडौं ।
नेपाली कम्युनिष्ट पार्टीका संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड'ले मौसममा आएको परिवर्तनसँगै तराई–मधेशमा शीतलहर तथा उच्च पहाडी र हिमाली क्षेत्रमा हिमपातका कारण जनजीवन कष्टकर बनेको बताएका छन् ।

संयोजक दाहालले बिहीबार अपिल जारी गर्दै चिसोका कारण खासगरी समाजका गरीब तथा सिमान्तकृत वर्गका जनता बढी पीडित भएका बताउँदै उनीहरुलाई तत्काल सहयोग पुऱ्याउन सम्बद्ध सबैमा अनुरोध गरेका छन् ।

उनले मानवीय क्षति र स्वास्थ्य समस्या उत्पन्न हुन नदिन आवश्यक प्रतिकार्यका लागि तीनवटै तहका सरकारसँग अपिल गर्नुका साथै प्रभावित समुदायका लागि आवश्यक सहयोग जुटाउन तथा राहतलगायतका कार्यहरूलाई समन्वयात्मक रुपमा अघि बढाउन पार्टीका सम्बन्धित सबै समितिहरूलाई निर्देशन दिए ।

# जसपा नेपालले प्रदेशमा सभा गर्ने

मधेशदृष्टि
वीरगंज ।
जनता समाजवादी पार्टी (जसपा) नेपालले आफ्ना २८ बुँदे माग र विभिन्न राष्ट्रिय मुद्दाहरूलाई लिएर आन्दोलनलाई थप सशक्त बनाउने भएको छ । पार्टीका प्रचार विभाग प्रमुख पूर्ण बस्नेतका अनुसार, यसअघि सञ्चालन गरिएका सङ्घर्षका कार्यक्रमहरूलाई निरन्तरता दिँदै शनिबारदेखि प्रदेशस्तरीय विरोध सभा आयोजना गर्न लागिएको हो ।

यो अभियानले पार्टीका एजेन्डालाई तल्लो तहसम्म पुऱ्याउने लक्ष राखेको जसपा नेपालले जनाएको छ । जसपा नेपालले तय गरेको तालिका अनुसार पुस १२ गते कोशी प्रदेशको राजधानी विराटनगरबाट विरोध सभाको शुरुवात हुनेछ । त्यसैगरी, पुस १४ गते मधेश प्रदेशको जनकपुर, १५ गते वीरगंज र पुस १७ गते लुम्बिनी प्रदेशको भैरहवामा विशाल विरोध सभाहरू आयोजना गरिनेछन् ।

# एकैपटक ११ हजार नाइट्राभेट ट्याब्लेट बरामद



मधेशदृष्टि
वीरगंज ।
सशस्त्र प्रहरी बल पर्सीले बिहीबार ठूलो मात्रामा प्रतिबन्धित लागुऔषध बरामद गरेको छ । सशस्त्र प्रहरी बल विशेष टोलीले प्रतिबन्धित लागुऔषध बरामद गरेको हो । प्रहरीले वीरगंज महानगरपालिका वडा नम्बर–१६ स्थित पोखरीको डिलमा बेवारिसे अवस्थामा रहेको बोराभित्र रहेको ११ हजार ६८ पिस नाइट्राभेट ट्याब्लेट बरामद गरेको जनाएको छ । सशस्त्र प्रहरी बल सीमा सुरक्षा वीरगंजबाट खटिएको टोलीले इनर्वास्थित पोखरीको डिलमा बेवारिसे भेटिएको प्लास्टिकको बोरा खोलेर जाँच गरेको थियो । सोही क्रममा ७ सय ३८ पत्तामा रहेको ११ हजार ६८ पिस नाइट्राभेट ट्याब्लेट फेला परेको सशस्त्र प्रहरी बल नेपाल नम्बर–१३ गण पर्साका प्रवक्ता विश्वराज योञ्जनले जानकारी दिए । बरामद नाइट्राभेट ट्याब्लेट भारतबाट तस्करले ल्याउने क्रममा सुरक्षाकर्मीलाई देखेपछि फालेर भागेको हुनसक्ने सशस्त्र प्रहरीको अनुमान छ । नाइट्राभेट ट्याब्लेट आवश्यक कारबाहीका लागि प्रहरी चौकी ईनर्वामा बुझाइएको सशस्त्र प्रहरी नायब उपरीक्षक योञ्जनले जानकारी दिए ।

# ४० अर्बका सामान निर्यात

वीरगंज ।
वीरगंज हुँदै चालु आर्थिक वर्षको पाँच महिनामा ३९ अर्ब ९७ करोड रुपैयाँ मूल्यका वस्तु तथा सामान निर्यात भएको छ ।

गत आवको पाँच महिनाको तुलनामा चालु आवको सोही अवधिमा यो नाका हुँदै ८९ प्रतिशतअर्थात् १८ अर्ब ७९ करोड रुपैयाँ बढीको निर्यात भएको हो ।

जबकी गत आवको पाँच महिनामा भने २१ अर्ब १८ करोड रुपैयाँ मूल्यका वस्तु तथा सामान विदेशी मुलुकमा निर्यात भएको थियो । वीरगंज भन्सार कार्यालयका सूचना अधिकृत उदयसिंह विष्टले चालु आवको पाँच महिनामा यो नाका हुँदै हुने निर्यातमा उल्लेखनीय वृद्धि भएको बताए ।

चालु आवको पाँच महिनामा २० अर्ब ७६ करोड रुपैयाँ मूल्य पर्ने भटमासको तेल प्रशोधित निर्यात भएको छ । त्यस्तै तीन अर्ब सात करोड रुपैयाँ मूल्य पर्ने फलफूलको जुस निर्यात भएको छ । दुई अर्ब ८७ करोड रुपैयाँ मूल्य पर्ने सूर्यमुखीको प्रशोधित तेल, एक अर्ब ९७ करोड रुपैयाँ मूल्य पर्ने प्रशोधित पाम तेल निर्यात भएको छ । त्यस्तै एक अर्ब ५० करोड रुपैयाँ मूल्य पर्ने विभिन्न किसिमका कपडा पनि निर्यात भएको कार्यालयले जनाएको छ ।




# भारतीयलाई नागरिकता दिने कर्मचारी पक्राउ

मधेशदृष्टि
वीरगंज ।
भारतीय नागरिकलाई अवैध रुपमा नेपाली नागरिकता दिलाएको आरोपमा महोत्तरीको इलाका प्रशासन कार्यालय रामगोपालपुरका एक कर्मचारीलाई प्रहरीले नियन्त्रणमा लिएर अनुसन्धान शुरु गरेको छ । जिल्ला प्रहरी कार्यालय महोत्तरीका अनुसार इलाका प्रशासन कार्यालयका कार्यालय सहयोगी कृष्ण मण्डलमाथि सरकारी कागजात, सरकारी छाप, किर्ते दस्तखत तथा होलोग्रामको दुरुपयोग गरी भारतीय नागरिकलाई नेपाली नागरिकता बनाएको आशंकामा अनुसन्धान भइरहेको छ । जिल्ला प्रहरी महोत्तरीका प्रहरी नायब उपरीक्षक शैलेन्द्रकुमार भट्टले विशेष सूचनाको आधारमा मण्डललाई पक्राउ गरिएको जानकारी दिए ।

# मोटरसाइकल चोरेर खरिद बिक्री गर्ने गिरोह पक्राउ

मधेशदृष्टि
जनकपुरधाम ।
धनुषाका विभिन्न स्थानबाट मोटरसाइकल चोरी गरी अवैध रुपमा खरिद–बिक्री गर्दै आएको संगठित गिरोहलाई धनुषा प्रहरीले पक्राउ गरेको छ । चोरी तथा बिक्री कार्यमा संलग्न सिकिन्द्र यादवसहित १२ जनालाई नियन्त्रणमा लिइएको प्रहरीले जनाएको छ । जिल्ला प्रहरी कार्यालय धनुषाका अनुसार पक्राउ परेकाको कब्जाबाट ११ थान चोरीका मोटरसाइकल बरामद गरिएको छ । जिल्ला प्रहरी कार्यालय धनुषाका प्रहरी नायब उपरीक्षक गणेशबहादुर बमले पछिल्लो समय मोटरसाइकल चोरीका घटना बढेपछि विशेष निगरानी तथा अनुसन्धान अभियान सञ्चालन गरिएको जानकारी दिए ।

# अन्तरराष्ट्रिय मैथिली सम्मेलन हुँदै

मोरङ ।
मैथिली भाषा–साहित्य, मिथिला संस्कृति, सभ्यताको संरक्षण, सम्वर्द्धन गर्ने भोलिदेखि विराटनगरमा दुई दिने अन्तरराष्ट्रिय मैथिली सम्मेलन–२०२५ हुने भएको छ । मैथिली एशोसिएसन नेपालद्वारा पुस १२ र १३ गते हुने सम्मेलनमा नेपाल–भारतलगायत अन्य मुलुकका एक सयजना मैथिली भाषी प्रतिनिधिको सहभागिता रहने आयोजकले जनाएको छ ।

आयोजक मैथिली एसोसिएसनका अध्यक्ष प्रवीणनारायण चौधरीका अनुसार सम्मेलनमा वृहतस्तरको बौद्धिक विमर्श, कवि सम्मेलन, मिथिला समाजको विविध सांस्कृतिक झाँकीहरु प्रदर्शन गरिनेछ । त्यसैगरी मैथिली भाषा–साहित्यमा प्रकाशित पुस्तक प्रदर्शनी, मिथिला चित्रकला प्रदर्शनी, मिथिलाको पैराणिक परम्परा वेदपाठ, शङ्खघोषको प्रस्तुति, मिथिला खानाको परिकारको प्रदर्शनी, लोकनृत्य, लोकगीत, कवि सम्मेलन आदि लगायतका कार्यक्रम हुने बताइएको छ ।

'भाषा नै मानव जीवनको मूल आधार हो, आफ्नो भाषा पहिले आफैं जोगाउन पर्छ, भाषा बाँचे मात्र सभ्यता बाँच्न सक्छ' भन्ने मूलमन्त्रका साथ सम्मेलनमा ११ बटा महत्वपूर्ण विषयमा प्रस्तुति हुने आयोजक संस्थाका उपाध्यक्ष पंकज बमीले बताए । सम्मेलनले विश्वभरका १० करोड मैथिली भाषीलाई जोड्ने अपेक्षा गरिएको छ ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्क: वीरगंज महानगरपालिका-१३, पर्सा, मोबाइल नं.-९८५५०२१२८१, कार्यालय: जनकपुरधाम-२, भानुचोक, किशोरी नगर, फोन नं.-०४१-५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्ष: ध्रुव साह, सम्पादक: रामकुमार एलन